# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खराड १ ] काठमाडौं कार्तिक १२ गते ०८ साल [ संख्या १२


## भाग १

७ कार्तिक ०८

## मन्त्रिवर्ग

१ श्रीगोविन्दनारायण आई.सी. यस. ले श्री ५ महाराजाधिराजको सेक्रेट-रीको काम लिएका छन्। निजले नेपाल पब्लिक सर्भिस कमिशनलाई सल्लाह दिने काम जस्तो अरू कामकाजहरू जो निजलाई सुम्पिनेछ। सो गर्दै रहनेछन्।

२ निम्न लिखित नियमहरू बारेका सबै कुराहरूमा श्री ५ महाराजाधिराजको सेक्रेटरी श्रीगोविन्दनारायण, नारायणहिटी दरबार संग लेखापढी गर्नुपर्दछ।

[क] मन्त्रि-मण्डलको कागजपत्र लगायत श्री ५ महाराजाधिराजको आदेश वा सूचनाको निमित्त मन्त्रालयहरूबाट आउने सबै सरकारी साध सोध लेखापढीहरू।

[ख] श्री ५ महाराजाधिराजको विशेषाधिकार प्रयोग, अनुरोधसम्बन्धी बिन्तिपत्रहरू।

[ग] सरकारी लेखापढी।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[घ] गैर नेपाल सरकारी पदाधिकारीहरूलाई श्री ५ महाराजाधिराजाबाट बक्सने भेट मुलाकात र अरू नियुक्तित कामहरू ।

[ङ] जनसाधारण संगको सम्बन्ध ।

[च] लोकहित कार्यहरू ।

[छ] बिन्तिपत्रहरू र जनसाधारण संगको अरू सम्मिश्रित लेखापढीहरू ।

[ज] श्री ५ महाराजाधिराजको सचिवालयको कर्मचारीहरुको कामकाज र अदबसम्बन्धी नियन्त्रण औ निजहरूको नियुक्ति ।

[झ] श्री ५ महाराजाधिराजका दरबारमा हुने समारोहहरू ।

[ञ] दरबारबाहिर हुने श्री ५ महाराजाधिराजको नियुक्तित कामसम्बधी कार्यक्रम ।

[ट]—

[क] संघ संस्थाहरूलाई संरक्षण संप्रदान गर्ने ।

[ख] श्री ५ महाराजाधिराजबाट बक्सने नियुक्तिपत्र ।

[ग] मेडल वा प्रतियोगिताको पुरस्कार ।

[घ] श्री ५ महाराजाधिराजको सफर सबारी ।

[ङ] दरबारको औषधालय र मोटरखानाहरू ।

३ यो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाश गरी सोहीबमोजिम सरकारका सबै सेक्रेटरीहरू मन्त्रिमण्डलका सेक्रेटरी र विभिन्न विभागका प्रधान कर्मचारीहरूलाई पनि सूचना दिने काम होस् ।

हस्त कृत [ टी.बी.शाह ]

श्री ५ महाराजाधिराज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।